वर्ष ६, अंक ०१, वैशाख

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन




**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"

# विषय सूची

**प्रमुख सल्लाहाकार**
प्र.अ.म.नि. टेक बहादुर तामाङ

**सल्लाहकार**
प्र.ब.उ. मोहन प्रसाद पोखरेल
प्र.उ. नबिनराज राई

**सम्पादक मण्डल**
प्र.ना.उ. दधिराम न्यौपाने
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज. भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज. भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ – ९ |
| प्रहरी सेवा प्रवाह | १० –१२ |
| खोजतलास तथा समन्वय | १३ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १४ –१५ |
| अपराध समाचार | १६–१९ |
| उत्कृष्ट अनुसन्धान | २० |

# विभागीय गतिविधि

## अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ्गद्धारा अपराध अनुसन्धान विभागको विभिन्न शाखाहरु निरीक्षण





***काठमाडौं, ४ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले मिति २०८० वैशाख ३ गते र ४ गते नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रत्येक शाखाहरुमा अवलोकन तथा निरीक्षण गरी शाखाहरुबाट हुने गरेका कार्यको बारेमा जानकारी लिनुका साथै शाखामा कार्यरत प्रहरी कर्मचारीहरुलाई प्रभावकारी ढँगले कार्यहरु सम्पादन गर्न निर्देशन दिनुभयो।

निरीक्षणका क्रममा प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङलाई सम्बन्धित शाखा र महाशाखामा कार्यरत प्रहरी कर्मचारीहरुले आ-आफ्नो शाखाहरुको कार्य विवरण (Job Description) एवं गतिविधिहरुको बारेमा जानकारी गराउनु भएको थियो। साथै उहाँले प्रत्येक शाखाहरूको काम कारवाहीलाई अझ बढी प्रभावकारी बनाउनका लागि आवश्यक सुझाव समेत दिनुभयो। सोही क्रममा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका सिनियर प्रहरी अधिकृत लगायत जुनियर प्रहरी अधिकृतसम्मको सहभागिता रहेको थियो।

## प्रहरी वरिष्ठ उपरीक्षक भोला बहादुर रावलको बिदाई कार्यक्रम सम्पन्न





***काठमाडौं, १३ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाको च.नं. ९०८५ मिति २०८०।०१।०३ गतेको पत्रानुसार अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयमा कार्यरत रहनु भएका प्रहरी बरिष्ठ उपरीक्षक भोला बहादुर रावलको नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय, जर्गाहा, नवलपरासीमा काज सरुवा भएकोले "विदाई तथा फेरि भेटौला" कार्यक्रम आयोजना गरी विदाई गरियो। उहाँलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले कार्यालयको तर्फबाट खादा तथा मायाको चिनो प्रदान गर्नुभई शुभकामना मन्तव्य व्यक्त गर्नुभयो। कार्यक्रममा सिनियर प्रहरी अधिकृत जुनियर प्रहरी अधिकृत लगायत अन्य प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो।

## अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङद्धारा Virtual Meeting तथा निर्देशन



***काठमाडौं, १५ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले उपत्यका प्रहरी प्रमुख, प्रदेश प्रहरी प्रमुखहरु तथा जिल्ला प्रहरी प्रमुखहरुलाई अपराध अनुसन्धानसंग सम्बन्धित विषयमा भर्चुअल मिटिङ एवं भिडियो कन्फ्रेन्स मार्फत् निर्देशन दिनुभयो। उक्त अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले माननिय उप-प्रधान एवं गृह मन्त्रीज्यूले व्यक्त गर्नुभएको निम्न स्तर र निमूखा जनताहरुले प्रहरीबाट पाउने सेवाहरु सहज उपलब्ध होस् भन्ने विषय र श्रीमान प्रहरी महानिरीक्षकज्यूको प्राथामिकतामा परेको आन्तरिक शुद्धिकरणको विषयलाई केन्द्रमा राखी कार्य गर्नुका साथै सूचना संकलन गर्ने र सूचनाको विश्लेषण गरी घटनामा आधारित Crime Pattern Analysis, Crime Hot Spot को आधारमा जनशक्ति परिचालन गरी अपराध नियन्त्रणको व्यवस्था मिलाउन समेत निर्देशन दिनुभयो। मानव अधिकारको संरक्षणमा जोड दिदैं हिरासतमा रहेका व्यक्तिहरुको सुरक्षामा ध्यान दिनुका साथै अपराध रोकथाम र नियन्त्रणमा जोड दिन समेत बताउनु भयो। अपराध अनुसन्धानमा खटिनु पर्ने जनशक्तिलाई सोही कार्यमा मात्रै खटाउने व्यवस्था जि.प्र.का. प्रमुखहरुले मिलाउने र फैसला कार्यन्वयनलाई कार्यालय प्रमुखले विशेष दिलचश्वी दिनुका साथै गम्भिर प्रकृतिका पेण्डिङ मुद्दाको अनुसन्धानलाई निरन्तरता र चासो दिन उहाँले जोड दिनुभयो। पत्रकार सम्मेलन गर्दा हतियार सहितको प्रहरीले घेरीएको अवस्थामा अभियुक्तलाई देखाईने कार्य बन्द गर्नुपर्ने बताउनुभयो। महिला वालवालिका सेवा केन्द्रको भवन अन्य प्रयोजनका लागि प्रयोग नगर्ने र महिला वालवालिका तथा जेष्ठ नागरिकसँग सम्वन्धित उजुरीहरुलाई कार्यालय प्रमूखले समेत प्राथमिकता दिनुका साथै पिडितले सुनुवाई नपाएर अन्याय हुने वातावरण वन्न नदिनेतर्फ सचेत रहन निर्देशन गर्नुभयो। SOCO Kit Box को उचित प्रयोग गरेको नपाईएको, कतिपय Kit Box नखोलिएको , मौकामा औठाछाप लिनु पर्नेमा नलिएको, SOCO सामान्य सामाग्री (Finger Print Powder, Crime Scene Tape) जस्ता सामाग्री कार्यलयले व्यवस्थापन नगरेको पनि पाईएको हुदाँ त्यसमा सुधार गर्नु पर्नेमा जोड दिनुभयो। कुन घटनामा के के सवुद उठाउने ? कसरी प्याकेजिङ र लेवलिङ गर्ने ? Chain of Custody कसरी मिलाउने? भन्ने कुराको वारेमा स्पष्ट जानकारी हुनु पर्ने र सोही अनुसार कार्य गरी अपराध अनुसन्धानमा कुकुरको प्रयोग कस्तो अवस्थामा मात्र आवश्यक छ भन्ने कुराको जानकारी समेत राख्नु पर्ने बताउनु भयो।

## प्रहरी नायव महानिरीक्षक सुरेन्द्र प्रसाद मैनालीको स्वागत कार्यक्रम सम्पन्न



***काठमाडौं, २० वैशाख***

नेपाल सरकार, गृह मन्त्रालय (माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीस्तर) को मिति २०८० बैशाख ०६ गतेको निर्णयअनुसार प्रहरी वरिष्ठ उपरीक्षक पदबाट प्रहरी नायव महानिरीक्षक पदमा पदोन्नति भई २०८० बैशाख १३ गते नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागमा पदस्थापना हुनु भएका प्रहरी नायव महानिरीक्षक सुरेन्द्र प्रसाद मैनालीको स्वागत कार्यक्रम सम्पन्न भएको थियो। स्वागत कार्यक्रममा वरिष्ठ प्रहरी अधिकृतहरु लगायत प्रहरी अधिकृत तथा प्रहरी जवानहरुको उपस्थिति रहेको थियो।

## प्रहरी वरिष्ठ उपरीक्षक किसन सिंह थापाको बिदाई कार्यक्रम सम्पन्न



***काठमाडौं, २१ वैशाख***

नेपाल सरकार, गृह मन्त्रालय (उपप्रधानमन्त्री एवं गृहमन्त्रीस्तर) को मिति २०८० बैशाख २५ गतेको निर्णयअनुसार नेपाल प्रहरी प्रधान कार्यालय, अन्तराष्ट्रिय प्रहरी समन्वय महाशाखा दरबन्दी भई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत रहनु भएका प्रहरी बरिष्ठ उपरीक्षक किसन सिंह थापाको नेपाल प्रहरी प्रदेश कार्यालय, बनेपा, काभ्रेपलाञ्चोकमा काज सरुवा भई जान लाग्नु भएकोमा "विदाई तथा फेरि भेटौला" कार्यक्रम सम्पन्न भयो। उहाँलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक सुरेन्द्र मैनालीले कार्यालयको तर्फबाट खादा तथा मायाको चिनो प्रदान गर्नुभयो। कार्यक्रममा सिनियर प्रहरी अधिकृत, जुनियर प्रहरी अधिकृत लगायत अन्य प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो।

## सूचना प्रविधि निर्देशनालयद्धारा "Special Training for IT Support Group" तालिम सम्पन्न



***काठमाडौं, २८ वैशाख***

राष्ट्रिय प्रहरी प्रतिष्ठान, महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालय नक्सालमा मिति २०७९ चैत्र १ गते देखि संचालित ४५ कार्यदिन अवधिको गैह-आवासीय आधारभुत तालिम **"Special Training for IT Support Group"** तालिम २०८० वैशाख २८ गते सम्पन्न भयो । उक्त तालिममा प्रहरी सहायक हवल्दार ६ जना र प्रहरी जवान ३० जना गरी जम्मा ३६ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

**"Special Training for IT Support Group"** तालिमबाट कम्प्युटर सम्बन्धी ज्ञान शिप हासिल गरेका दक्ष प्रहरी जनशक्तिबाट सम्वन्धित प्रहरी कार्यालयहरुमा सघाउ पुग्ने विश्वास लिदैं तालिम सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी उपरीक्षक सरोज शाक्यले बधाई समेत व्यक्त गर्नुभयो । उक्त अवसरमा प्रहरी उपरीक्षक सरोज शाक्यले प्रशिक्षार्थीहरुलाई प्रमाण-पत्र वितरण गर्दै प्रशिक्षार्थीले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्य क्षेत्रमा जिम्मेवारी पूर्वक त्रुटिरहित ढंगबाट कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो ।

## अपराध अनुसन्धान विभागद्धारा अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना (Crime Action Plan-CAP) कार्यान्वयनको वर्तमान अवस्थाबारे केन्द्रिय स्तरबाट अनुगमन




***काठमाडौं,०१ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागद्धारा अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना (Crime Action Plan-CAP) कार्यान्वयनको वर्तमान अवस्थाबारे केन्द्रिय स्तरबाट अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्न नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयमा कार्यरत प्रहरी उपरीक्षक राम प्रकाश शाहको कमाण्डमा प्रहरी निरीक्षक चन्द्र कुमार सिंह, प्रहरी निरीक्षक रोशन अवाल, प्रहरी नायव निरीक्षक उज्जवल थापा र प्रहरी बरिष्ठ हवल्दार रत्न बहादुर गुरुङ मिति २०८० वैशाख ८ गते देखि सोही महिनाको १४ गते सम्म बागमती प्रदेश प्रहरी कार्यालय, हेटेडा, अन्तर्गत जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली र सो अन्तर्गत मुद्दा चल्ने प्रहरी कार्यालयहरुतर्फ अनुगमनको लागि खटिनु भएको थियो । उक्त अवधिमा उल्लेखित कार्यलयहरुले अपराध अनुसन्धानको क्षेत्रमा गरेका सम्पुर्ण कार्यहरुको सुक्ष्म रुपमा अनुगमन गरी देखिएका कमि कमजोरीहरु तत्काल सुधार गर्न निर्देशन दिई प्रभावकारी अनुसन्धानबाट मात्रै पीडितहरुले न्याय प्राप्त तथा पीडकहरुले कानुनी दण्ड प्राप्त हुने र न्यायमुलक समाज स्थापना हुने हुँदा वयानमुखी अनुसन्धान भन्दा प्रमाणमुखी अनुसन्धानमा ध्यान दिनुपर्ने प्रहरी उपरीक्षक राम प्रकाश शाहले निर्देशन गर्नुभयो ।




# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको वैशाख महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (फागुन - वैशाख)




## त्रैमासिक मुद्दा दर्ता र फछ्र्यौट संख्या (फागुन-वैशाख)





## वार्षिक अपराध तंथ्याक (०७७/०७८ देखि ०८०/०८१ वैशाख सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०७९।०८० - वैशाख सम्म )





## गम्भीर अपराधको प्रदेशगत मुद्दा दर्ता (आ.व. २०७९।०८० वैशाख)




## सामान्य अपराधको प्रदेशगत मुद्दा दर्ता संख्या (आ.व. २०७९।०८० वैशाख)





## २०८० वैशाख महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८० वैशाख महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## २०८० वैशाख महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण




## २०८० वैशाख महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| प्रदेश/उपत्यका/ब्युरोको नाम | | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | १५७ | ७ वर्ष ७ महिना ९ दिन | १,९१,४४,५५८ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | २८० | १४० वर्ष ७ महिना ६ दिन | ३३,८५,१२३ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ५५१ | ८३ वर्ष १ महिना ६ दिन | ८७,८३,६३७ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ८० | ६१ वर्ष ४ महिना ९ दिन | ३७,२६,८२३ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ११२ | २८३ वर्ष २२ दिन | ४४,२३,४५७ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ९६ | ७० वर्ष ८ महिना २ दिन | ३४,९५,१३९ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ८ | ५ महिना १८ दिन | ६१,४०९ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ४८ | ४ वर्ष ९ महिना २९ दिन | १४,२६,६३९ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ८ | २ वर्ष १ महिना १२ दिन | १,६८,००,००० |
| **जम्मा** | | **१,३४० जना** | **६५० वर्ष ८४ महिना ११३ दिन** | **रु.६,१२,४६,७८५** |

## २०८० वैशाख महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या





## २०७९ चैत्र र २०८० वैशाख महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८० वैशाख महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८० वैशाख महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | दर्ता | बितरण |
| | | ८७२०८ | ६६५४० |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | ३६० | ३२० |
| ३ | नागरिक उड्डयन कार्यालय प्रहरी प्रतिवेदन | ५६ | ५६ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | १२९ | ४१ |
| ५ | औंठाछाप प्रमाणिकरण | २३९ | २३९ |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ११ | ११ |
| **जम्मा** | | **८८,००३** | **६७,२०७** |

# सामुदायिक प्रहरी गतिविधि

२०८० वैशाख महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :


(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)






# आसरा सुधार केन्द्र

## २०८० वैशाख महिनामा लागू औषध सेवनकर्ताहरुको उपचाररत संख्या





## वैशाख महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १८ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ११ जना |
| ३. | हराएका विदेशी नागरिक | ३ जना |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको बिवरण | १८,४५६ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | ०३ जना |

# खोजतलास तथा समन्वय

## २०८० वैशाख महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## वैशाख महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पूनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी बिवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

❖ DFL शाखाबाट २०८० वैशाख महिना भित्र बिभिन्न १६ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धि कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, साईवर क्राईम, जबरजस्ती करणी, लागू औषध, कर्तव्य ज्यान, चोरी, ठगी, संगठित अपराध, लिखत सम्बन्धि कसुर, बालयौन दुरुपयोग, बैकिङ कसुर, अनलाईन ठगी, जवरजस्ति करणी) अन्तर्गत ९० वटा मुद्दाको ५२० वटा सबुदहरु परिक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ वैशाख महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी ईकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।





## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- **नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी, काठमाण्डौंबाट २०८०/०१/०१ गतेदेखि २०८०/०१/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी इकाईहरुबाट परीक्षणको लागि **६४२** केशहरु र **४५६९** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **७१२** केशहरु र **४३९५** नमुनाहरु परीक्षण गरिएको ।
- **मिति २०८०/०१/०१ गतेदेखि २०८०/०१/३१ गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा १७३४ DATA Entry** भएको।

- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८०/०१/०१ गतेदेखि २०८०/०१/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी इकाईहरुबाट परीक्षणको लागि **१२४** केशहरु र ४८६ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **१७८** केशहरु र **५८९** नमुनाहरु परीक्षण गरिएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमान चोक, नेपालगंजबाट २०८०/०१/०१ गतेदेखि २०८०/०१/३१ गतेसम्म** विभिन्न मुद्दा चल्ने प्रहरी इकाईहरुबाट परीक्षणको लागि **५४** केशहरु र **१५६** नमुनाहरु प्राप्त भएकोमा नँया र पुरानो पेण्डीङ केशहरु समेत गरी **५१** केशहरु र **१५३** नमुनाहरु परीक्षण गरिएको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### २०८० वैशाख महिनामा परिचालित संख्या






# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### आफ्नै श्रीमतीको हत्या गरी बास्तविक परिचय लुकाई बसेका व्यक्ति १८ वर्षपछि पक्राउ

***काठमाडौं, १४ वैशाख***

आफ्नै श्रीमतीको हत्या गरी बास्तविक परिचय लुकाई बसेका अर्घाखाँची, वल्कोट स्थायी वतन भई काठमाडौं महानगरपालिका-१७ क्षेत्रपाटी ढल्कु डेरा गरी बस्ने ५८ वर्षीय खुमे दर्जीलाई घटनाको १८ वर्षपछि प्रहरीले पक्राउ गरेको छ । खुमे दर्जीले रुपन्देही साविक दुधराक्ष गाविस-३ बुद्धनगरमा बसोबास गरेको अवस्थामा २०६१ मंसिर २४ गते कान्छी श्रीमती ४० वर्षीया राधिका दर्जीलाई मादक पदार्थ सेवन गरेको विषयमा चिर्पट प्रहार गरी हत्या गरी फरार रहेका थिए । भारतको दिल्लीमा करिब ३ वर्ष काम गरी नेपाल आई काठमाडौं क्षेत्रपाटी ढल्कुमा वास्तविक पहिचान लुकाई दिपक रानाको नाममा लुकीछिपी बसेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगंजबाट खटिएको प्रहरीले उनलाई काठमाडौं क्षेत्रपाटी ढल्कुबाट पक्राउ गरेको हो । उनलाई थप कानुनी कारबाहीको लागि ईलाका प्रहरी कार्यालय बुटवल, रूपन्देहीमा बुझाइएको छ ।

### आफ्नै बुवाको हत्या गरेको अभियोगमा पक्राउ

***कञ्चनपुर, १९ वैशाख***

आफ्नै ७१ वर्षीय बुवा धन बहादुर खड्काको हत्या गरेको अभियोगमा पुनर्वास नगरपालिका-४, कार्कीचोक बस्ने ३० वर्षीय गणेश बहादुर खडकालाई प्रहरीले पक्राउ गरेको छ । घरायसी झै-झगडा हुँदा गणेशले गएराति काठको लाठी समेतले प्रहार गरी बुवाको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय, त्रिभुवनबस्तीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### हत्या गरेको अभियोगमा पक्राउ

***दोलखा, २३ वैशाख***

आफ्नै दिदी ३२ वर्षीया कल्पना भुजेल श्रेष्ठको हत्या गरेको अभियोगमा मेलुङ गाउँपालिका-१ पोवटी बस्ने २३ वर्षीय रामभरत भुजेललाई प्रहरीले पक्राउ गरेको छ । विगत १ वर्ष देखि माईतमा बस्दै आएकी कल्पनालाई उनकै भाई रामभरतले उत्तिसको दाउराले टाउकोमा प्रहार गर्दा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी, किरातिछाँप र जिल्ला प्रहरी कार्यालय, दोलखाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### हत्या गरेको अभियोगमा पक्राउ

***कैलाली, १६ वैशाख***

आफ्नै २१ वर्षीय छोरा अर्जुन चौधरीको हत्या गरेको अभियोगमा धनगढी उपमहानगरपालिका-६, मट्यारी बस्ने ४७ वर्षीय महेश कुमार चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । महेश कुमारले आफ्नै घर भन्दा अन्दाजी १ सय ५० मिटर टाढा जंगलमा अर्जुन चौधरीलाई ईँटा प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय, धनगढी र जिल्ला प्रहरी कार्यालय, कैलालीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ३१ वैशाख***

आफ्नै ५० वर्षीया श्रीमती मोतीमाया पौडेलको हत्या गरेको अभियोगमा अटोखा नगरपालिका-८ स्थित डेरा गरी बस्ने जिल्ला धनकुटा, कुरले तेनुपा गाउँपालिका घर भएका ५५ वर्षीय निङमा शेर्पालाई प्रहरीले पक्राउ गरेको छ । उनीहरूबीच मादक पदार्थ सेवन गरी एकआपसमा झै-झगडा हुँदा निङमाले कुटपिट गर्ने क्रममा मोतीमायाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त महाराजगंजबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### साउदी अरब रियाल देखाई सुनको ब्रासलेट ठगी गर्ने दुई जना पक्राउ

***काठमाडौं, ४ वैशाख***

वैदेशिक रोजगारीबाट फर्किएका एक पीडितलाई साउदी अरब रियाल देखाई पीडितको साथबाट ५० ग्रामको सुनको ब्रासलेट ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा जिल्ला सिन्धुली, दुधौली नगरपालिका-१० नसिथौली घर भई काठमाडौं मुलपानी बस्ने ३६ वर्षीय जहरसिंह घिसिङ र ३४ वर्षीय पानीसिंह घिसिङ रहेका छन् । " पासपोर्ट नभएका कारणले साउदी अरब रियाल साट्न मिलेको छैन, तपाईले लगेर साट्नु " भन्दै पीडितलाई प्रलोभनमा पारी पीडितको साथबाट सुनको ब्रासलेट लिई फरार भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा उनीहरूको संलग्नता रहेको खुल्न आएपछि उनीहरूलाई काठमाडौं चाबाहिलबाट पक्राउ गरेको हो । उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि प्रहरी वृत्त, गौशाला पठाइएको छ ।

### चोरी तथा डाँका सम्बन्धी कसूरमा संलग्न चार जना पक्राउ

***मोरङ, ८ वैशाख***

चोरी तथा डाँका सम्बन्धी कसूरमा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मोरङ ग्रामथान गाउँपालिका-५ बस्ने ४० वर्षीय दिलिप कुमार चौधरी, सोही ठाउँ बस्ने २८ वर्षीय ईरज धामी, सर्लाही लालबन्दी नगरपालिका-२ पुनरबास टोल बस्ने ३५ वर्षीय मिथुन पासवान र सर्लाही ईश्वरपुर नगरपालिका-५ नरेशखोर टोल बस्ने २६ वर्षीय मिथिलेश महत्तो रहेका छन् । ग्रामथान गाँउपालिका-२ झोराहाटस्थित सौजन्य बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट २०७९ चैत २ गते राति फलामको सेफ बाकसमा राखेको ७ लाख ७७ हजार १८ रूपैयाँ चोरी भएको घटनामा उनीहरूको संलग्नता भएको खुल्न आएपछि ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूमध्ये दिलिप कुमार चौधरी, ईरज धामी र मिथुन पासवानलाई जिल्ला अदालत मोरङको आदेशले पुर्पक्षको लागि कारागार चलान गरिएको छ भने मिथिलेश महत्तो २ लाख रूपैयाँ धरौटीमा छुटेका छन् ।

## सिङ्गापुर पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, २९ वैशाख***

सिङ्गापुर पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा झापा बाहदशी गाउँपालिका-६ घर भई काठमाडौं महानगरपालिका-१० नयाँ बानेश्वर बस्ने २० वर्षीय सृजन निरौलालाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । निरौला समेतले १२ जनालाई वैदेशिक रोजगारीको लागि सिङ्गापुर पठाई प्रतिष्ठित होटलमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटकपटक गरी ९५ लाख रुपैयाँ ठगी गरेकोले पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं सिनांगलबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौं पठाइएको छ ।

## कतार पुलिसमा रोजगारीको लागि कतार पठाइदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ३१ वैशाख***

कतार पुलिसमा रोजगारीको लागि कतार पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका-४ घर भई काठमाडौं महानगरपालिका-१० थापागाउँ बस्ने ४९ वर्षीय रूद्र बहादुर लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ । लिम्बु समेतले १९ जनालाई वैदेशिक रोजगारीको लागि कतारमा पठाई कतार पुलिसमा १ लाख रुपैयाँ भन्दा बढी तलवमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटकपटक गरी ६९ लाख रुपैयाँ ठगी गरेकोले पक्राउ गरी उपस्थित गराउन वैदेशिक रोजगार विभागबाट पत्राचार भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं धुम्बराहीबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौं पठाइएको छ ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***झापा, ७ वैशाख***

९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गौरादह नगरपालिका-५ बस्ने ४१ वर्षीय उद्धव तामाङलाई प्रहरीले पक्राउ गरेको छ । तामाङले ललाई फकाई आफ्नै घरमा लगि ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी महारानी झोडाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***दाङ, १० वैशाख***

९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा घोराही उपमहानगरपालिका-१ बाहुनटाढी बस्ने २१ वर्षीय राम नेपालीलाई प्रहरीले पक्राउ गरेको छ । ती बालिकालाई ललाई फकाई सोही ठाउँस्थित खरबारीमा लगी रामले जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्याल दाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, १८ वैशाख***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दक्षिणकाली नगरपालिका-८ छैमले घर भएका ३७ वर्षीय पूर्ण बहादुर बलामीलाई प्रहरीले पक्राउ गरेको छ । बलामीले ती बालिकालाई वैशाख १० गते जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त कीर्तिपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***बर्दिया, २२ वैशाख***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा राजापुर नगरपालिका-६ जोगीपुर बस्ने २६ वर्षीय राजाराम थारु र सोही ठाउँ बस्ने २२ वर्षीय शनीराम थारुलाई बिहीबार साँझ प्रहरीले पक्राउ गरेको छ । उनीहरूले ती बालिकालाई बुधबार राति जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय राजापुरबाट खटिएको प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***उदयपुर, २५ वैशाख***

१३ वर्षीया बालिका र १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा २ जनालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ ।पक्राउ पर्नेहरूमा भोजपुर आमचोक गाउँपालिका-१० घर भई उदयपुर चौदण्डीगडी नगरपालिका-४ बर्खेडाँडा डेरा गरी बस्ने १८ वर्षीय किशोर र उदयपुर चौदण्डीगढी नगरपालिका-३ बसाह बस्ने १८ वर्षीय किशोर रहेका छन् । उनीहरूले ती बालिका र किशोरीलाई शनिबार राति जबरजस्ती करणी गरेको उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय बेल्टार उदयपुरबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***उदयपुर, २६ वैशाख***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेलका नगरपालिका-१ बालुवाटार टोल बस्ने ५४ वर्षीय अतिमान विकलाई प्रहरीले पक्राउ गरेको छ । विकले ती बालिकालाई धाक धम्की देखाई वैशाख १८ गते बिहान जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***दाङ, ३१ वैशाख***

५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा लमही नगरपालिका वर्षीय ५०सतबरिया संघर्ष टोल ८-जनकु चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । जनकुले गत पुस ११ गते दिउँसो सोही ठाउँस्थित खोल्सामा लगि ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा वडा प्रहरी कार्यालय लमहीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# लागू औषध सम्बन्धी

## अवैध लागूऔषधसहित १ जना पक्राउ

***कास्की,३ वैशाख***

पोखरा महानगरपालिका-३० पावरहाउस चोकबाट अवैध लागूऔषध गाँजा करिब १ केजी ५ सय ग्रामसहित सोही महानगरपालिका-१० रामबजार बस्ने २२ वर्षीय अर्जुन विकलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय गगनगौडाबाट खटिएको प्रहरीले काठमाडौंबाट पोखरातर्फ जाँदै गरेको ग.२ ख १३९८ नम्बरको बसमा सवार उनलाई उक्त गाँजासहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागू औषधसहित पक्राउ

***काठमाडौं, ९ वैशाख***

पर्सा, वीरगंज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट नियन्त्रित लागूऔषध नाईट्राभेट ६ सय ट्याब्लेटसहित २ जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कास्की पोखरा महानगरपालिका-३२ कालिका नगर बस्ने २८ वर्षीय मिलन गन्धर्व र सोही ठाउँ बस्ने २४ वर्षीय नारायण पुन रहेका छन्। वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लगूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

सुनसरी, धरान उपमहानगरपालिका-२० चिण्डे डाँडास्थित भित्री सडकबाट अवैध लागूऔषध गाँजा करिब ५० केजी शनिबार बिहान प्रहरीले बरामद गरेको छ। अस्थायी प्रहरी पोष्ट बिष्णुपादुकाबाट खटिएको गस्ती टोलीलाई देख्नासाथ धनकुटाबाट धरानतर्फ आउँदै गरेको को.३१ प ५३५२ नम्बरको मोटरसाइकल चालकले मोटरसाइकल छोडी फरार भएपश्चात प्रहरीले मोटरसाइकल तलासी गर्दा उक्त गाँजा फेला पारेको हो। हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागू औषधसहित पक्राउ

***काठमाडौं, ११ वैशाख***

बर्दिया, बढैयाताल गाउँपालिका-२ फुटाहाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ३ सय मिलिग्रामसहित जुम्ला गोडीचार गाउँपालिका-४ बस्ने २४ वर्षीय केशव नेपालीलाई प्रहरीले पक्राउ गरेको छ। भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई फुटाहास्थित संयुक्त चेक पोष्टमा जाँच गर्ने क्रममा उक्त पदार्थसहित फेला पारी प्रहरीले पक्राउ गरेको हो।

मोरङ, बुढिगंगा गाउँपालिका-४ स्थित सडकबाट अवैध लागूऔषध गाँजा करिब ६ केजी २ सय ग्राम प्रहरीले बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय नेमुवाबाट खटिएको प्रहरीले को.१ ख ५४३६ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसको सिट मुनी वेवारिसे अवस्थामा रहेको उक्त लागूऔषध फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अवैध लागू औषधसहित पक्राउ

***काठमाडौं, १५ वैशाख***

झापा, मेचीनगर नगरनगरपालिका-५ बाट अवैध लागूऔषध खैरो हेरोईन ७० ग्रामसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा नुवाकोट तार्केश्वर गाउँपालिका-३ बस्ने ३० वर्षीय सविन परियार, सिन्धुली दुधौली नगरपालिका-११ बस्ने ३० वर्षीय खड्ग सुनुवार र झापा मेचीनगर नगरपालिका-५ बद्रीटोल बस्ने २३ वर्षीय विक्रम दनुवार रहेका छन्। ईलाका प्रहरी कार्यालय नकलबन्दाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

ललितपुर, महालक्ष्मी नगरपालिका-६ ईमाडोल सितल हाईटबाट अवैध लागूऔषध गाँजा ३ किलो र नगद १ लाख १३ हजार रूपैयाँसहित दोलखा विभु घर भई ललितपुर सितल हाईट बस्ने ४५ वर्षीय पेम्बा शेर्पा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी प्रभाग ईमाडोलबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध र नगदसहित फेला पारी पक्राउ गरेको हो।

सिन्धुली, कमलामाई नगरपालिका-६ माझिटार चेकपोष्टबाट अवैध लागूऔषध फेनेरामाइन लेखिएको एम्पुल २ थान, लागूऔषध जस्तो देखिने कुनै नाम नलेखिएको पहेलो एम्पुल ४ थान, सेतो रङको एम्पुल २ थान र गाँजा जस्तो देखिने पदार्थ ५ ग्रामसहित मोरङ वेलबारी नगरपालिका-७ बस्ने २९ वर्षीय सुजन ठकुरीलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट खटिएको प्रहरीले मोरङबाट काठमाडौंतर्फ जाँदै गरेको बा.५ ख ७३० नम्बरको हाईसलाई जाँच गर्ने क्रममा हाईसमा सवार उनलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागू औषधसहित विभिन्न स्थानबाट ९ जना पक्राउ

***काठमाडौं, १८ वैशाख***

मकवानपुर, थाहा नगरपालिका-७ आग्रा बस्ने ६७ वर्षीय ईन्द्र बहादुर थिङलाई अवैध लागूऔषध गाँजा १ सय ७५ केजीसहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा लागूऔषध नियन्त्रण व्यूरो कोटेश्वर काठमाडौंबाट खटिएको प्रहरीले उनको घरबाट १० वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी उनलाई पक्राउ गरेको हो। साथै सोही व्यूरोबाट खटिएको प्रहरीले सोही ठाउँ बस्ने ७६ वर्षीय भिम बहादुर थिङ र ३९ वर्षीय शिवराज थिङको घरबाट ३० वटा पोकामा रहेको २७ केजी गाँजाको धुलो फेला पारी दुवै जनालाई पक्राउ गरेको छ।
झापा, दमक नगरपालिका-१ दमक फन पार्क नजिकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ८ सय मिलिग्रामसहित कमल गाउँपालिका-६ बस्ने २५ वर्षीय न्युसन राई समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी झापा, दमक नगरपालिका-९ प्रणामी मन्दिर नजिकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ३ सय मिलिग्राम, मोवाइल ३ थान, डिजिटल मेसिन १ थान र नगद ६० हजार ७ सय ५० रूपैयाँसहित २ जनालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २३ वर्षीय अस्बिन राई र अरुण दनुवार रहेका छन्। ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

कैलाली, धनगढी उपमहानगरपालिका-१० जुगेडाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १ सय मिलिग्रामसहित सोही उपमहानगरपालिका-७ बस्ने २२ वर्षीय प्रकाश रानालाई प्रहरीले पक्राउ गरेको छ। सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी र अस्थायी प्रहरी पोष्ट जुगेडाबाट खटिएको संयुक्त टोलीले उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी कैलाली, धनगढी उपमहानगरपालिका-१० जुगेडाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब १ सय १० मिलिग्रामसहित सोही उपमहानगरपालिका-१० रानागाउँ बस्ने १६ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी र अस्थायी प्रहरी पोष्ट जुगेडाबाट खटिएको संयुक्त टोलीले उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## विभिन्न हातहतियार सहित पक्राउ

***काठमाडौं, २ वैशाख***

उदयपुर, बेलका नगरपालिका-३ एकता टोल नजिक टप्पुबाट लोड गरेको भरुवा बन्दुक १ थान, ५ राउण्ड गोली लोड भएको पेस्तोल १ थानसहित सुनसरी बराहक्षेत्र नगरपालिका-७ बस्ने ३० वर्षीय कुमार भन्ने जय कुमार राईलाई गएराति प्रहरीले पक्राउ गरेको छ । काभ्रे पनौती नगरपालिका-५ ढलमलेमा एक व्यक्तिलाई धारिलो हतियार खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको ज्यान मार्ने उद्योग मुद्दामा आरोपित उनी उक्त टप्पुमा हातहतियार सहित लुकिछिपी बसिरहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय ठोक्सिलाबाट खटिएको प्रहरीले उक्त हातहतियार सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

रोल्पा, गंगादेव गाउँपालिका-४ डोलसिंगे बस्ने ३३ वर्षीय कृष्ण वलीको घरबाट अटोमेटिक पेस्तोल १ थान, म्याग्जिन १ थान र गोली ३ राउण्ड शुक्रबार दिउँसो प्रहरीले बरामद गरेको छ । वलीको घरमा हतियार रहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय घर्तीगाउँ र प्रहरी चौकी पाखापानीबाट खटिएको प्रहरीले उनको घरमा लुकाई राखेको उक्त हातहतियार फेला पारी बरामद गरेको हो । मादक पदार्थ सेवन गरी गंगादेव गाउँपालिका कार्यालयको गाडी तोडफोड गरेको अभियोगमा वलीलाई चैत ३० गते प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ ।

इलाम, रोङ गाउँपाका-५ इलाम र झापा मेचिनगर नगरपालिका-३ को सीमानास्थित सुकेनिन्दा खोलाको बगरबाट भरुवा बन्दुक १ थान र बारुद भर्ने तार १ थान शुक्रबार राति प्रहरीले बरामद गरेको छ । अस्थायी प्रहरी पोष्ट बहुबनबाट खटिएको प्रहरीले उक्त बगरमा वेवारिसे अवस्थामा रहेको उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## भरूवा बन्दुक पड्कीएर एक जनाको मृत्यु

***नुवाकोट, १० वैशाख***

मेगाङ गाउँपालिका-४ बस्ने ३२ वर्षीय पन्जा घलेको भरूवा बन्दुक पड्कीँदा मृत्यु भएको छ । सोही ठाउँस्थित किम्ताङ गङमरङ सामुदायिक वनमा घले र सोही ठाउँ बस्ने ३० वर्षीय अमृत तामाङ शिकार खेल्न हिँडेको अवस्थामा अमृत एक्कासि लड्दा लोड भएको भरुवा बन्दुक पड्किएर घलेलाई छातिमा छर्राले लाग्दा घलेको मृत्यु भएको हो । अमृतलाई १ थान भरूवा बन्दुकसहित प्रहरीले पक्राउ गरी घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## अपहरण, शरीर बन्धक तथा ज्यान मार्ने उद्योगमा संलग्न दुई जना पक्राउ

***रौतहट, १२ वैशाख***

अपहरण, शरिर बन्धक तथा ज्यान मार्ने उद्योगमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा माधवनारायण नगरपालिका-६ माधोपुर बस्ने २३ वर्षीय दिपेश भन्ने मन्त्रीबाबु राय र राजदेवी नगरपालिका-६ मोहनपुर बस्ने २१ वर्षीय राजा भन्ने राजाबाबु पटेल रहेका छन् । मन्त्रीबाबु रायले परोहा नगरपालिका-३ तेजापाकड बस्ने ३० वर्षीय पुरूषलाई गत आफ्नो घरमा बोलाई सर्लाहीको बलरा भन्ने स्थानमा घर बनाउनु छ भनि बलरास्थितमा रहेको रक्सी भट्टी पसलमा लगेको र उक्त पसलमा ८/९ जनाको अज्ञात व्यक्तिहरुले ती पुरूषलाई अपहरण गरी बन्धक बनाई पेस्तोल देखाई कुटपिट गर्नुका साथै फिरौती वापत चार लाख रुपैयाँ माग गरेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले पीडित र अपहरणकारीहको खोजी गर्ने क्रममा पीडितलाई सर्लाहीको बलरा भन्ने स्थानबाट भारततर्फ लैजान लागेको अवस्थामा फेला पारी अपहरणकारीमध्ये राजाबाबु पटेल र मन्त्रीबाबु रायलाई प्रहरीले पक्राउ गरेको हो । उनीहरू उपर अपहरण शरीर बन्धक तथा ज्यान मार्ने उद्योग मुद्दामा जिल्ला अदालत रौतहटबाट म्याद अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

## जुवातास खेलिरहेको अवस्थामा सात जना पक्राउ

***सुनसरी, १३ वैशाख***

ईटहरी उपमहानगरपालिका-२ पशपति चोक बस्ने ६० वर्षीय केदर श्रेष्ठको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही उपमहानगरपालिका-२ बस्ने ३४ वर्षीय दिपक थापासहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २५ हजार ७ सय ९५ रूपैयाँ र ६ बुक ताससहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## हात्तीको दाह्रा जस्तो देखिने वस्तुसहित तीन जना पक्राउ

***काठमाडौं, १५ वैशाख***

काठमाडौं महानगरपालिका-१६ माछापोखरी चोकबाट हात्तीको दाह्रा जस्तो देखिने वस्तु २ थानसहित गोरखा सिनारचोक गाउँपालिका घर भई हाल काठमाडौं तारकेश्वर नगरपालिका-११ मनमैजु बस्ने २० वर्षीय सविन गुरुङ समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । उक्त वस्तु किनबेच भइरहेको भन्ने विशेष सूचनाको आधारमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा प्रदेश ३-०२-००८ प ६७१७ नम्बरको स्कुटरमा सवार उनीहरूको झोलाभित्र लुकाई राखेको उक्त वस्तु फेला पारी चालक गुरुङसहित ३ जनालाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## एकनाले भरुवा बन्दुकसहित पक्राउ

***मकवानपुर, २४ वैशाख***

मकवानपुरगढी गाउँपालिका-७ दुम्सिडाडाँ बस्ने ३० वर्षीय बाबुलाल थिङलाई एकनाले भरुवा बन्दुकसहित शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उनले आफ्नै भाइलाई जग्गाको विषयमा कुटपिट गरी घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मकवानपुरगढीबाट खटिएको प्रहरीले उनलाई उक्त बन्दुकसहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## विभिन्न हातहितयारसहित पक्राउ तथा बरामद

***काठमाडौं, ३१ वैशाख***

महोत्तरी, एकडारा गाउँपालिका-४ हल्खोरी बजारबाट होममेड भारतीय पेस्तोल १ थान र सोको गोली ५ राउण्डसहित भारत सितामडी बाजोपट्टी गाउँ-६ बस्ने २६ वर्षीय पप्पु यादवलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी हल्खोरीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको बीआर ३० वाई ९१४२ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त हतियारसहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

रूकुम (पूर्व), सिस्ने गाउँपालिका-८ भूरुङ्गास्थित सामुदायिक जंगलबाट ४ थान भरूवा बन्दुक शनिबार बिहान प्रहरीले बरामद गरेको छ । अस्थाई प्रहरी पोष्ट धपेबाट खटिएको प्रहरीले उक्त जंगलको खाल्डोमा सेउलाले छोपी वेवारिसे अवस्थामा रहेको उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# उत्कृष्ट अनुसन्धान

## कर्तब्य ज्यान

मिति २०८०।०१।०७ गते दिउँसो अं.१५:४४ बजेको समयमा का.जि.का.म.न.पा. वडा नं.६ सरस्वतीनगर स्थित भाँडा पसल सञ्चालन गरी बस्ने बर्ष ३५ कि निरा पाण्डे आचार्यलाई तत्काल नखुलेको पछि खुल्न आएका बिनोद विश्वकर्माले धारिलो हतियार चक्कुले शरिरको विभिन्न स्थानमा प्रहार गरी कर्तब्य गरी मारी मृतक निरा पाण्डेले गलामा लगाएको सुनको १ तोलाको सिक्री समेत लुटी लगेको घटनामा संलग्न बिनोद विश्वकर्मा र लुटिएको सुनको सिक्री खरिद गर्ने प्रदिप गदाईलीलाई पक्राउ गरी अनुसन्धान कार्य जारी रहेको।

## जबरजस्ती करणी

मिति २०८०।०१।०१ गते अं.१२:०० बजेको समयमा जिल्ला झापा शिवसताक्षी नगरपालिका वडा नं.३ परिवर्तित जिल्ला ०४-४ न.पा.१६ वडा नं. ग बस्ने पीडितको घर कोठामा प्रतिवादी जिल्ला झापा शिवसताक्षी नगरपालिका वडा नं.३ बस्ने बलाराम कामीले भिन्न क्षमता भएकी बोली नआउने परिवर्तित नाम H (०९७/०८०) लाई निज सुत्ने बस्ने गरेको कोठामा प्रवेश गरी जवरजस्ती करणी गरेकोले निज प्रतिवादी बलाराम कामीलाई कानून बमोजिम गरी पाँउ भन्ने परिवर्तित नाम H1 (०९७/०८०) को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित झापा जिल्ला अदालतको मिति २०८०।०१।२९ गतेको आदेशले निज प्रतिवादी बलाराम कामी पुर्पक्षको लागि कारागार चलान भएको।

## जबरजस्ती करणी

जाहेरवालाको छोरी बर्ष १० कि बालिकालाई २०८० सालको शैक्षिक सत्रदेखि बोर्डिङ स्कुलबाट छुटाई सरकारी बिद्यालयमा स्थान्तरण गर्ने कुरा गर्दा निज छोरीले सरकारी स्कुलमा जान नमानेकी र स्थानीय छरछिमेकी दिदीहरूलाई सरकारी स्कुलमा मिलन भन्ने बुद्धिमान ब्लोन पढ्ने गरेको र निजले ललाई फकाई पटक पटक जवरजस्ती करणी गरेको भनी छोरीले बताएकोले निज छोरीलाई फकाई सोधपुछ गर्दा निज मिलन भन्ने बुद्धिमान ब्लोनले बिस्कुट, चकलेट लगायतका खानेकुराहरू दिई छोरीलाई फकाई मिति २०७८/०४/०५ गते बिहान अन्दाजी ११:३० बजेको समयमा चितवन जिल्ला, राप्ती न.पा. वडा नं.२ स्थित वनदेवी सामुदायिक वनमा, मिति २०७८/०४/०९ गते विहानको अन्दाजी ११:३० बजेको समयमा जिल्ला चितवन राप्ती नगरपालिका वडा नं.०२ स्थित निजकै पूरानो घरमा र अन्तिम पटक मिति २०७८/०४/१३ गते दिउँसोको अन्दाजी १२:०० बजेको समयमा जिल्ला चितवन राप्ती नगरपालिका वडा नं.०२ स्थित वनदेबी सामुदायिक वनमा जवरजस्ती करणी गरेको भन्ने समेत व्यहोराको नाम परिवर्तित पन्थडाँडा (१) ०७९/०८० को जाहेरी दरखास्त पेश गरेको घटनामा अनुसन्धानपश्चात चितवन जिल्ला अदालतको आदेशले मिति २०८०/०१/३१ गते निज प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## बालयौन दुरुपयोग

मिति २०७९।१०।०३ गते बेलुका अं.२०:०० बजेको समयमा जिल्ला मकवानपुर कैलाश गा.पा. वडा नं.९ टिमुरे स्थित अन्यायी नाम परिवर्तित ३१(०७९।०८०-A41) ले आफ्नै बहिनी नाता पर्ने बर्ष १४ कि नाम परिवर्तित ३१(०७९।०८०-७१) को संबेदनसिल अंग स्तन माडी बालयौन दुरुपयोग गरेको हुँदा कानून बमोजिम गरी पाउँ भन्ने समेत ब्यहोराको नाम परिवर्तित ३१(०७९।०८०-७१) को जाहेरी दरखास्त प्राप्त भई अनुसन्धान हुँदा मिति २०७९।१०।२३ गते मकवानपुर जिल्ला अदालतको आदेश अनुसार रु.७५,०००/- धरौटी तिर्न नसकि थुनामा राख्न भीमफेदी कारागार मकवानपुरमा पठाईएको।

## ठगी तथा संगठित अपराध

मिति २०७९।०६।१६ गते जाहेरवाला सिताराम कार्कीलाई हरि भन्ने सोम बहादुर डुम्जन समेतले फोन सम्पर्क गरी हामीसँग बैधानिक ५०,०००/- अमेरिकी डलर छ उक्त डलर साट्न मान्छे चिनेको छैन नेपाली रु.६६,००,०००/- हुन्छ मलाई पैसा अति आवश्यक परेको छ रु.२०,००,०००/- दिनु र अमेरिकी डलर लैजानु भनी विश्वास दिलाई प्रलोभनमा पारी जिल्ला मकवानपुर थाहा नगरपालिका अन्तर्गत चित्लाङ बोलाई रु.२०,००,०००/- निजहरुलाई दिँदा निजहरुले अमिरिकी डलर नदिई पैसाको साईजमा काटिएको कागजको बण्डल दिई भागी ठगी गरेको र खोजतलास गर्दै गर्दा निजहरुले पुन: ठगी गर्ने मनसायले सम्पर्क गरी ४७,५००/- अमेरिकी डलर दिन्छु र पहिलाको पनि हिसाव मिलाउनु छ भनी नेपाली रु.१२,००,०००/- दिनु भनी पटक पटक फोन सम्पर्क गरी विभिन्न प्रलोभनमा पारी हेटौडामा भेट्न बोलाएकोमा तत्काल प्रहरीलाई खबर गरी निज सिताराम कार्की हेटौडा १७ स्थित सालपार्कमा जाँदा सोही स्थानमा जि. सिन्धुपाल्चोक बाहबिसे न.पा. वडा नं.३ बस्ने बर्ष २१ को हरि भन्ने सोम बहादुर डुम्जन, ऐ.ऐ. बस्ने बर्ष ३३ को दिवश डुम्जन , ऐ.ऐ. बस्ने बर्ष २८ को कान्छा भन्ने शेर बहादुर डुम्जन र ऐ. त्रियुगा गा.पा. वडा नं.३ बस्ने बर्ष २८ को सुक्र भन्ने देवा डुम्जनलाई सोही स्थानमा फेला पारेकोमा निजहरुको साथबाट अमेरिकी डलर १७४१ र डलर जस्तै काटेको कागजको बण्डल फेला परी निजहरुलाई प्रहरीले नियन्त्रणमा लिएको हुँदा निजहरुले जाहेरवालाबाट ठगी गरेको रु.२०,००,०००/- समेत फिर्ता दिलाई निजहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको सिताराम कार्की जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित मकवानपुर जिल्ला अदालतको मिति २०७९।११।२८ गतेको आदेशले निज प्रतिवादीहरुलाई पुर्पक्षको लागि कारागार कार्यालय भीमफेदी मकवानपुरमा थुनामा पठाईएको।

## जबरजस्ती करणी

मिति २०७९।१२।३० गते अं.१६:०० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उप-महानगरपालिका वडा नं.१० राप्तीखोला सिसौघारीको जंगलमा ऐ. वडा नं.८ कमाने बस्ने बर्ष ४५ को रमेश बञ्जराले नाम परिवर्तित ३१(०७९।०८०-११८) लाई जबरजस्ती करणी गरेको हुँदा कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम ३१(०७९।०८०-११८) को जाहेरी दरखास्त प्राप्त भई अनुसन्धान कार्य पूरा गरी सम्मानित मकवानपुर जिल्ला अदालतमा मिसिल पेश हुँदा सम्मानित अदालतको मिति २०८०।०१।२५ गतेको आदेशले निज प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## बैंकिङ कसूर

जाहेरवाला रोहित सिंहले छत्र बहादुर देउवालाई ब्यापार व्यवसायको क्रममा २०७८।११।०८ गते ३३,००,०००/- लाख रुपैयाँ रकम दिएकोमा छत्र बहादुर देउवाले बिभिन्न बैंकका चेक मार्फत निकाल्नु भनी चेक दिएको, उक्त चेक लिई बैंकमा जाँदा पैसा नभएको भनी पटक-पटक बैंकले चेक बाउन्स समेत गरी दिएकोले निज अन्यायीलाई पक्राउ गरी मेरो रकम असुल उपर गरी पाउँ भन्ने समेत ब्यहोराको रोहित सिंहको जाहेरी दरखास्त प्राप्त भई अनुसन्धान पश्चात सम्मानित उच्च अदालत दिपायलको मिति २०८०।०१।११ गतेका आदेशले प्रतिवादी रु.५,१०,०००/- धरौटीमा छुटेको।

## मानव बेचबिखन रोकथामका उपायहरु !

- आफ्नो सीपसँग उपयुक्त हुने आधिकारिक संस्था (Manpower/ Company/ Agent) बाट मात्रै वैदेशिक रोजगारीमा जाऔं।
- वैदेशिक रोजगारीमा जाने संस्थाको बारेमा विस्तृत विवरण लिई आधिकारिक संस्था हो/होईन एकिन गरेर मात्रै जाऔं।
- अपरिचित व्यक्तिमार्फत विभिन्न लोभलालचको पछि नलागौं/ आधिकारिकता पुष्टि हुने संस्थामार्फत मात्रै वैदेशिक रोजगारीमा जाऔं
- लोभ, लालच र आर्थिक प्रलोभनमा परी शारीरिक शोषण हुने खालका कुनै पनि कार्यहरु नगरौ/नगराऔं।
- पर्यटक (visit) भिसामा गएर काम पाईन्छ भन्ने भ्रममा नपरौं।
- ठगी गर्ने अभिप्रायले कसैले वैदेशिक रोजगारीको प्रलोभन देखाएमा तुरुन्तै नजिकको प्रहरी कार्यलयमा उजुरी गरौं।

## बाढी पहिरोबाट बच्ने उपायहरु !

- वर्खायाममा जोखिमयुक्त नदी तटीय क्षेत्रमा नबसौं।
- गाउँमा बाढी आएको समयमा होचो भूभागमा नजाऔं।
- बाढी आइरहँदा आसपासका क्षेत्रमा आवतजावत नगरौं।
- ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाऔं।
- एक पटक पहिरो गएको स्थानमा पुनः बसोवास नगरौं। पहिरो गइसकेको ठाउँमा थप क्षति हुन नदिन बोट विरुवाहरु रोप्ने लगाएत अन्य रोकथामका उपायहरु अपनाऔं।
- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गरौं।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टालौं र आवाश्यक सजगता अपनाऔं।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरू, जस्तै– बाटो खन्ने, ढुङ्गा निकाल्ने, कुला तथा नहर बनाउने कार्यहरु गरौं।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np